आज मिति २०७८।०९।२७ गतेका दिन सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतमको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्र (DCMC) को बैठक बसी निम्न उपस्थितिमा निम्न निर्णय गरियो।

**बिषेश आमन्त्रित:**

| | |
|---|---|
| १. शम्भु प्रसाद यादव | नगर प्रमुख, राबि न.पा. |

**उपस्थिति**

| | |
|---|---|
| १. प्र.जि.अ. श्री जनार्दन गौतम | - अध्यक्ष |
| २. प्रहरी उपरीक्षक श्री अवि नारायण काफ्ले | - सदस्य |
| ३. सशस्त्र प्रहरी उपरीक्षक श्री राजु श्रेष्ठ | - सदस्य |
| ४. सेनानी श्री कर्मेन्द्र सिंह भट्ट | - सदस्य |
| ५. शिक्षा वि.स.ई. प्र. बिजय कुमार मण्डल | -सदस्य |
| ६. गजेन्द्र नारायण सिंह अस्पताल नि.मे.सु. श्री डाक्टर रञ्जित कुमार झा | -सदस्य |
| ७. नि. जि.स.स.अधिकारी श्री ~~उमेश कुमार यादव~~ दिलिप कुमार | - सदस्य |
| ८. स.प्र.जि.अ. श्री चुडाराज भट्टराई | - सदस्य |
| ९. ~~वरिष्ठ~~ अनुसन्धान अधिकृत श्री महेश साह | - सदस्य |
| १०. नि. स्वास्थ्य कार्यालय प्रमुख श्री दुनियालाल यादव | - सदस्य |

**आमन्त्रित:**

| | | |
|---|---|---|
| १. भवेनद्र प्रसाद यादव | (मन्त्री) | रेडक्रस |
| २. ब्रहमदेव यादव | शा.अ. | रेडक्रस |
| ३. निमित्त भन्सार अधिकृत विप्रिन कुमार देव | रा.बि. भंसार | |
| ४. ज.स्वा. नि. हिरेन्द्र प्रसाद साह | स्वा का. सप्तरी | |

**निर्णय नं. १**

कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMC) को मिति २०७८।०९।२५ को बैठकले सिफारिस गरे अनुसार नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०७८।०९।२६ को निर्णयहरु गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. १४४२ मिति २०७८।०९।२६ को पत्र बाट प्राप्त भएकोले निर्णयहरु अध्ययन गरी अवगत गरियो।

**निर्णय नं. २**

सार्वजनिक स्थलमा २५ जना भन्दा बढी भेला हुने गरी भेला, मेला महोत्सव, सभा, जुलुसको आयोजन नगर्न नगराउन सम्बन्धित सबैलाई सुचित गर्ने।

**निर्णय नं. ३**

यस जिल्ला स्थित तिलाठी, बेल्ही, रामनगर कोदरकट्टी, सुवर्णपट्टी, पातो, बननीया, छिन्नमस्ता, रामपुरा मलहनिया नाकामा हेल्थ डेस्क र एन्टिजेन परीक्षणको व्यवस्था मिलाउन स्वास्थ्य कार्यालय र सम्बन्धित पालिकाहरुलाई अनुरोध गर्ने।

**निर्णय नं. ४**

सार्वजनिक स्थानहरुमा निशुल्क एन्टिजेन टेस्ट वुथहरु स्थापना गर्न नियमित खोप केन्द्रहरुमा खोपलाई अभियानकै रुपमा अगाडी बढाउन स्वास्थ्य कार्यालय र स्थानीय पालिकालाई अनुरोध गर्ने।

**निर्णय नं. ५**

शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय र CCMC को बैठकबाट समेत सामुदायिक र संस्थागत विद्यालय यही मिति २०७८ माघ १५ सम्म बन्द गर्न अनुरोध गरेकोले सो सम्बन्धमा सबै गा.पा./ न.पा लाई शिक्षा बिकास तथा समन्वय इकाई सप्तरी मार्फत जानकारी गराउने।

**निर्णय नं. ६**

कोभिड-१९ को पहिलो र दोस्रो प्रकोपलाई न्यूनिकरण गर्न सबै पालिकाहरुले पहिले संचालन गरे अनुसार अझ व्यवस्थित रुपमा आइशोलेशन केन्द्र संचालनको पूर्व तयारी अवस्थामा रहन अनुरोध गर्ने।

**निर्णय नं. ७**

गजेन्द्र नारायण सिंह अस्पतालमा रहेका ICU, NICU,HDU, Oxygen Plant संचालनका लागि आवश्यक पर्ने जनशक्ति र बजेट व्यवस्थापनका लागि प्रदेश सरकर र संघीय सरकारका सम्बन्धित मन्त्रालयहरुलाई अनुरोध गर्ने।

**निर्णय नं. ८**

जिल्ला स्वास्थ्य कार्यालयलाई PCR Sample Collection र व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्थापन गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने।

**निर्णय नं. ९**

जिल्ला स्थित सबै सरकारी तथा गैरसरकारी कार्यालयहरु र उद्योग कलंकारखाना, व्यपार व्यवसायी, बैंक तथा बित्तीय संस्था तथा हाटबजारहरुमा जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रुपमा पालना गरी गराई सेवा प्रवाह गर्ने।

**निर्णय नं. १०**

सार्वजनिक तथा निजी सवारी साधनमा स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा अपनाई संचालन गर्ने व्यवस्था मिलाउने।

**निर्णय नं. ११**

शव व्यवस्थापनका लागि (Death Body Pack) का आवश्यक सरसामानहरुका लागि केन्द्रिय रेडक्रस कार्यालयलाई अनुरोध गर्ने।